स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



समर निरौलाको निर्देशन रहेको फिल्म हो 'ममी'। फिल्म आगामी माघ २५ गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ। फिल्मले प्रदर्शन मिति नजिकिँदै गर्दा दोस्रो पोस्टर सार्वजनिक गरेको छ। जसमा अभिनेत्री प्रियङ्का कार्की डर मिश्रित भावमा केही हेरिरहेकी छन्। उनको छेउमा कालो बिरालो समेत देखिन्छ। त्यसबाट घरमा रहेको नकारात्मक शक्तिले आक्रमण गरेको बुझिन्छ। ड्रामा निर्माण भएको फिल्ममा प्रियङ्कासँगै दीया मास्के, सुलक्षण भारतीको मुख्य भूमिका छ।

**आजको विचार...**



अपार न्यौपाने

समस्यासँगै...

*(दुई पेजमा)*



केही वर्षयता वर्षमा धेरै फिल्म रिलिज हुने अभिनेताको कीर्तिमानी दयाहाङ राईको नाममा छ। गत वर्ष मात्र उनका ९ वटा फिल्म रिलिज भए। कति महिनैपिच्छे आए त कति एउटै मितिमा समेत भिड्न पुगेका थिए। यस वर्ष पनि गत वर्षकै हाराहारीमा उनका फिल्म प्रदर्शन हुँदैछन्। तर, यसपटक उनको फिल्म रिलिजमा लामो अन्तर देखिएको छ। त्यो अन्तर झन्डै ६ महिना लामो छ। गत असार २८ गते प्रदर्शन भएको 'घरज्वाइ'पछि उनका कुनै फिल्म आएनन्।

❒ वर्ष ३० ❒ अंक १६९ ❒ २०८१ पौष २७ गते शनिबार 11 January 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### डढेलोमा १० जनाको मृत्यु

(रासस/एएफपी)

**अमेरिका,** पौष २६/क्यालिफोर्नियाको लस एन्जलसमा फैलिएको भीषण डढेलोका कारण कम्तीमा १० जनाको मृत्यु भएको छ । आगलागीबाट आक्रान्त बनेको लस एन्जलस र वरपरका क्षेत्रमा क्यालिफोर्नियाको नेसनल गार्डका सैनिकहरुलाई परिचालन गर्ने तयारी गरिरहेको अधिकारीले बताएका छन् । लस एन्जलस काउन्टी मेडिकल एक्जामिनरले बिहीबार अबेर १० जनाको मृत्यु भएको र संयुक्त राज्य अमेरिकाको दोस्रो ठूलो शहरको ठूलो भाग भग्नावशेषमा परिणत भएका बेला क्यालिफोर्नियाको नेसनल गार्डका सैनिकहरुलाई परिचालन गर्ने तयारी गरिरहेको जानकारी आएको हो । आगो निभाउने अभियान रातभर चलिरह्यो । आगो निभाउनका लागि पानी छर्किने हेलिकोप्टरका चालकले हावाको सुस्तताले आगो निभाउने अभियानलाई साथ दिएको बताएका छन् । यद्यपि, नयाँ डढेलोहरू निस्कने क्रम जारी रहेको छ । लस एन्जलस काउन्टीका शेरिफ रोबर्ट लुनाले रातको समयमा कर्फ्यू लगाउने योजना रहेको र राज्यको नेसनल गार्डले प्रभावित क्षेत्रमा गस्ती गरिरहेको बताएका छन् । गभर्नर गेभिन न्युसमले हजारौं को सङ्ख्यामा सेनाका सदस्य र सरकारी कर्मचारीहरू तैनाथ गरिएको बताएका छन् । उनले भने, 'हामी आगामी दिनमा समुदायको सुरक्षाका लागि नेसनल गार्ड सेवाका सदस्यसहित सबै तैनाथ गरिरहेका छौँ । यसले सहरमा हुनसक्ने सम्भावित लुटपाटका घटनालाई नियन्त्रण गर्न सकिनेछ ।' लुनाका अनुसार अधिकारीहरूले उद्धार क्षेत्रमा गस्ती गरिरहेका छन् र त्यहाँ नबस्ने जो कोहीलाई पनि परिचय पत्रका आधारमा पक्राउ गर्नेछन् । सबैभन्दा ठूलो डढेलो प्यासिफिक पालिसाडेस आसपासको करिब २० हजार एकड (आठ ८०० हेक्टर) क्षेत्रमा फैलिएको छ भने अल्टाडेना वरपरको अर्को आगलागीले १३ हजार ७०० एकड जमिन जलेर नष्ट भएको छ ।

# पृथ्वीनारायण शाहको योगदानको सम्झना गरिदैं

# आज देशभर सार्वजनिक बिदा

**सीमा भट्टराई**

**पाल्पा,** पौष २६/राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको ३०३ औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवस आज मुलुकभर विभिन्न कार्यक्रम आयोजना गरी मनाईंदैछ । आधुनिक नेपालको एकीकरण अभियानका नेतृत्वकर्ता शाहले राष्ट्रको एकीकरण अभियानमा पुऱ्याएको योगदानको स्मरण गर्दै कार्यक्रममा उनीप्रति श्रद्धासुमन अर्पण गरिने छ । प्रत्येक वर्ष पुस २७ गते जन्मजयन्तीका दिन राष्ट्रिय एकता दिवसका रुपमा मनाइँदै शाहको सम्झना गर्ने गरिन्छ ।

तत्कालीन गोरखाका राजा शाहले विभिन्न सामाजिक, आर्थिक र भौगोलिक चुनौतीबीच जनताको उत्साहजनक सहयोग र सहभागितामा छरिएर रहेका बाईसे, चौबीसे राज्यलाई एकीकृत गरेका थिए । विसं १७७९ पुस २७ गते गोरखामा राजा नरभूपाल शाह र रानी कौशल्यावतीका कोखबाट पृथ्वीनारायण शाहको जन्म भएको इतिहास छ । इतिहास अनुसार विसं १७९९ चैत २५ गते पृथ्वीनारायण शाह राजा भएका थिए । त्यसअघि नेपाल ५२ राज्यमा विभाजित थियो । पृथ्वीनारायण राजा भएपछि पूर्वमा टिस्टादेखि पश्चिममा चेपे नदीसम्म नेपालको सीमा विस्तार गर्न उनी सफल भए ।

पृथ्वीनारायणको शेषपछि उनका उत्तराधिकारीले पश्चिममा किल्ला काँगडासम्म नेपाल राज्यलाई विस्तार गरेको इतिहास छ । पृथ्वीनारायण शाहले विसं १८०१ मा नुवाकोट विजय गरे । त्यसको २५ वर्षपछि १८२६ सालमा काठमाडौं उपत्यका विजय हासिल गरे । नेपाल उपत्यका विजय गरेपछि पृथ्वीनारायण शाहले पूर्वतिरका चौदण्डी विजयपुर आदि विजय गर्दै देशको सिमाना बढाएका थिए । सबै जातजाति, भाषाभाषीको सहयोग लिएर नेपाल एकीकरणको श्रीगणेश गरेका शाहको सम्झनामा आज देशभर विभिन्न कार्यक्रम हुँदै छन् । यस अवसरमा नेपाल सरकारले आज सार्वजनिक बिदा समेत दिएको छ ।

राज्यहरूको एकीकरण र राष्ट्र निर्माणमा शाहले देखाएको बहादुरीको इतिहास धनशक्ति वा सैन्यशक्तिभन्दा इच्छाशक्ति अपराजित हुन्छ भन्ने शाश्वत सत्य-सन्देश हो । राष्ट्र निर्माण गर्दा पृथ्वीनारायण शाहले इच्छाशक्ति मात्र होइन, युक्ति र भक्ति पनि जुटाए र एउटा अदम्य साहस पैदा भयो । त्यसले सबै असम्भवलाई सम्भव बनाएको थियो । जटिलता र चुनौतीलाई अवसरमा बदल्यो । 'आफ्नो साम्राज्यमा कहिल्यै घाम नअस्ताउन' महाशक्ति बेलयायतसँग लडाइँमा भिड्नु सामान्य साहस थिएन । उत्तरको तत्कालीन तिब्बत र चीन पनि गोर्खाभन्दा अतुलनीय साधनसम्पन्न र शक्तिशाली थिए । तैपनि पुर्खाले हामीलाई एउटा स्वाभिमानी र स्वाधीन राज्य मात्र दिएनन्, वीरताको पर्यायवाची विश्वव्यापी पहिचान 'गोर्खाली' पनि दिए । भारत र बेलायती सेनामा भर्ती हुन जाने नेपालीले पाएको 'द गोर्खाज्' संज्ञा एवं गोर्खाल्यान्ड राज्यका लागि भारतीय आन्दोलन नेपाल एकीकरणको उत्तरदान हो ।

शाहले मुलुकमा अन्याय हुन नदिनु, सधैँ गुणको होइन नुनको पछि लाग्नु, सुरक्षा निकाय र जनताप्रति बफादार रहनु,जनता मोटाउनु भनेको दरबार बलियो हुनु हो,आफ्नो संस्कृतिको संरक्षण र जगेर्ना गर्नु अत्यावश्यक छ , सानो दु:खले आर्जेको मुलुक होइन, सबै मिलेर मुलुकको रक्षा गर्नु, नेपाल दुई ढुंगाबीचको तरुल जस्तै हो, छिमेकीसँग सतर्क रहनु ,अदालतको पैसा दरबारमा नलैजानु र त्यसको सदुपयोग, जोगी, संन्यासीलाई भोजन गराउनु,खानी भएको ठाउँमा गाउँ भए पनि गाउँलाई अन्यत्र सारेर खानी चलाउनुपर्छ र उब्जनीयोग्य जमिनमा बनेको घर भत्काएर भए पनि त्यहाँ खेतीपाती गर्नुपर्छ भन्ने जस्ता दिव्य उपदेश दिएका थिए । जुन दिव्य उपदेश अहिले पनि उत्तिकै सान्दर्भिक छन् । यी दिव्य उपदेश पढ्दा उनी दूरदर्शी राजा भएको प्रष्ट हुन्छ । उनको माघ १ गते ५२ वर्षको उमेरमा निधन भएको थियो ।




## रामपुरको युवा परिषद् ऐन संशोधनसहित पारित

**पाल्पा,** पौष २६/जिल्लाको रामपुर नगरपालिकाको नगर सभाको १६ औं अधिवेशन सकिएको छ । स्थानीय युवा परिषद् ऐन संशोधन सहित विभिन्न योजनाको बजेट रकमान्तर तथा शीर्षकान्तर सर्वसम्मत पारित गरी अधिवेशन सकिएको हो ।

सभामा रामपुर नगरपालिकाका उपप्रमुख बाल कुमारी थापाले प्रस्तुत गरेको योजनाहरुको रकमान्तर र शिर्षकान्तर प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको छ । नगर सभाका सदस्य तथा विद्येयक समितिका संयोजक मिनबहादुर सिंजालीले प्रस्तुत गरेको स्थानीय युवा परिषद् ऐन संशोधन प्रस्ताव समेत सर्वसम्मत रुपमा पारित गरेको छ । हिउँदे सभाले वडा तथा नगर स्तरीय ४० वटा योजना तथा कार्यक्रमको बजेट ८६ वटा योजनामा रकमान्तर तथा शिर्षकान्तर गरेको छ । नगर उपप्रमुख बालकुमारी थापाले वडा स्तरीय र नगर स्तरी ४० वटा योजनाको दुई करोड एक लाख ६५ हजार बजेट ८६ वटा योजना तथा कार्यक्रममा शीर्षकान्तर गरिएको जानकारी दिइन । नगर सभा सदस्यहरुले उठाएको प्रश्न र प्रस्ताव बारे प्रष्ट पार्दै सभाध्यक्ष एवं नगर प्रमुख रमण बहादुर थापाले जनताको चाहाना अनुसार स्रोत साधनले भ्याए सम्म विकास र सेवालाई प्राथमिकता दिदै आएको बताए । जनप्रतिनिधि र कर्मचारीहरु जनतालाई सहज रुपमा सहज रुपमा सेवा प्रवाह गर्न कसरी सकिन्छ भन्ने ध्येयका साथ लागि रहेको उनको भनाई छ । नगरपालिकाले संघ र प्रदेशसँग समन्वय गर्दै आएको समेत नगर प्रमुख थापाको भनाई छ । १ का वडा अध्यक्ष एवं प्रवक्ता कपिल बहादुर खाँणले अब जनप्रतिनिधिहरुले गम्भीर रुपमा सोच्ने समय आएको बताए । नगरवासीले के अनुभूति गरे भन्ने विषयमा समिक्षा गरी अघि बढ्नु अहिलेको आवश्यक रहेको उनको भनाई छ । सबै शिर्षकान्तर भएका योजनाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक रहेको अध्यक्ष खाँणले बताए । रामपुर नगरपालिकाका कार्यपालिका सदस्य दुर्गा देवी भण्डारी गौतमले योजना कार्यान्वयनमा सबैको साथ सहयोग आवश्यक रहेको बताईन् । रामपुर नगरपालिका-३ का वडा अध्यक्ष दामोदर पाठकले विकृति र विसंगति विरुद्ध एकजुट भएर लाग्नु पर्ने बताए ।




-बाँकी अन्तिम पेजमा...



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# राष्ट्रिय एकता दिवसको सन्दर्भ

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको आज जन्म दिन हो । शाहाको जन्मजयन्तीलाई राष्ट्रिय एकता दिवसका रुपमा लिने गरिन्छ । हरेक वर्ष पौष २७ गते बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्म दिनका दिन उनको योगदान सम्झने दिन हो । उनीको मात्र नभएर छरिएर रहेको नेपाललाई सिङ्गो देश बनाउन योगदान गर्ने अरू सबै पुर्खालाई सम्झना र सम्मान गर्न 'पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस' मनाउने गरिएको हो । २०१२ सालदेखि पुस २७ गतेलाई पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका रूपमा मनाइँदै आएको छ तर यो दिवस राष्ट्र एकीकरण अभियानका सबै वीर योद्धहरूप्रति समर्पित छ ।

पृथ्वी नारायण शाहालाई नेपालमात्र नभई दक्षिण एसियासम्मनै एउटा दुरदर्शी अनि राष्ट्रियताको प्रतिक नेतृत्वका रुपमा हेरिन्छ । पञ्चायतकालमा यस दिवसलाई राजतन्त्रको गुणगान गाउने दिनको रूपमा मनाइयो यद्यपि २०४६ सालमा बहुदलीय व्यवस्था आएपछि पनि यो दिवसलाई राष्ट्रिय दिवसको रूपमा मनाइन्थ्यो । पृथ्वीजयन्तीका रूपमा विगत धेरै लामो समय राष्ट्रिय एकता दिवस मनाइँदै आएकोमा देश गणतन्त्रमा गइसकेपछि भने दिवसको महत्व घटाइएको छ । हरेक वर्ष यो दिवस मनाइए पनि एकताको उपहास भएको छ । आज देशभित्रै राजनीतिक दलहरु सत्ताको लडाईमा लागेका छन् । जसका कारण नेपालको राष्ट्रियता धमिलिएको छ भने राष्ट्रको अस्तित्व नै खतरामा परेको छ । यस्तो अवस्थामा राष्ट्रिय एकताको आवश्यकता रहेको छ । स्वभावतः यस्तो अवस्थामा राष्ट्रिय एकताको आवश्यकता महसुस गरिनु स्वाभाविक हुन आउँछ । राष्ट्र एक रहोस् भनी कामना गर्नु र त्यसका लागि सतत् प्रयत्न गर्नु हरेक राष्ट्रभक्त नागरिकको कर्तव्य पनि हो । तर त्यसो हुन सकिरहेको छैन् । जसका कारण राष्ट्रिय एकता दिवसको औचित्यमाथि नै प्रश्न चिन्ह खडा भएको छ ।

नेपालका राजनीतिक दलका नेताहरूले छातीमा हात राखेर सोच्ने हो भने पृथ्वीनारायणको सम्झना नगरेर बस्न सकिने अवस्था छैन । हिजो पृथ्वी नारायण शाहले एकीकरण गरेका नेपाली भूमिहरु छिमेकी देशहरुले अतिक्रमण गर्दा समेत नेपालका राजनितिक दलहरु मौन हुनु दुखद् हो । दिवसलाई औपचारिकता दिनका लागि मात्र दिवस मनाइनु हुँदैन । देशभक्ति पृथ्वी नारायण शाहाको योगदानलाई शिरोधार्य गर्न सकिएन भने दिवस मनाउनुको कुनै अर्थ रहदैन । तसर्थ शाहाको योगदानको कदर गर्दै सबै देशभक्तहरु एकढिक्क हुने हो भने मात्र दिवस मनाउनुको सार्थकता रहन्छ ।

## Opinion @ Social Network

सम्पर्क बिहिन सम्बन्धहरु पनि बलियो नै हुन्छन यदि सम्झिने मन बदलिएन भने
*(मोहिमा खत्रीको फेसबुक स्टाटसबाट www.facebook.com/Mahima.Khatri Xettri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समस्यासँगै अघि बढ्दै नेपालको जलविद्युत क्षेत्र



**अपार न्यौपाने**

नेपालको आर्थिक समुन्नतिका लागि आशा गरिएका क्षेत्रहरूमध्ये प्रमुख हो ऊर्जा, खासगरी जलविद्युत । नेपालमा सय वर्षभन्दा अघिदेखिको जलविद्युत विकास क्रममा धेरै अभ्यास भएको छ । अनेक प्रयास भएको छ । कतै सफलता प्राप्त भयो त कतै भएन । कतै आशा पलायो त कतै विकृति देखियो । समग्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक र आर्थिक विकाससँगै नेपाली ऊर्जा क्षेत्र पनि समस्याहरूको भुमरीबाट बिस्तारै अघि बढ्दैछह अपार सम्भावनाका बीच सामान्य उपलब्धि हासिल गर्दै, केही आशा जगाउँदै र विकृति भित्र्याउँदै । देशमा समग्र प्रणालीले अपेक्षित काम गर्न नसकेको अहिलेको समयमा जलविद्युत क्षेत्रले मात्र उत्कृष्ट तवरले काम गरोस् भन्ने कामना गर्नु कोरा सपना मात्र हुन सक्छ । जलविद्युत नेपालको प्रमुख प्राकृतिक ऊर्जा स्रोत भएकाले देशको आर्थिक समृद्धिको उत्प्रेरक पनि हो । यसकारण जलविद्युतको सम्भावना, सफलता र समस्या मिहिन ढंगले केलाउनु आवश्यक छ । सफलता प्राप्तिसँगै समस्या समाधान गर्दै अघि बढ्न सक्दा विकास र समृद्धिको सम्भावना बलियो हुँदै जानेछह त्यो पनि हाम्रै पालामा ।

**सम्भावना :** नेपाल जलविद्युतमा धनी राष्ट्र हुन सक्छ भन्ने मानिएको छ । यहाँ उत्पादित जलविद्युतले भारत र बंगलादेशको पनि विद्युत माग सम्बोधन गर्न सक्छ । नेपालको बिजुली चीन निर्यात गर्ने सपना देख्नेहरू पनि छन् । भारत र बंगलादेशमा जसरी नेपालले चीनलाई बिजुली बेच्न प्राविधक हिसाबले व्यावहारिक हुँदैन । राजनीतिक लाभका लागि खपतको विषय भने हुन सक्छ । नेपालमा सौर्यऊर्जाको पनि निकै राम्रो सम्भावना छ । सौर्य ऊर्जा उत्पादनका लागि उपयुक्त जग्गा (ठाउँ) आवश्यक पर्छ । सौर्यऊर्जा केही निश्चित परिमाणमा आन्तरिक माग धान्न उपयोगी हुन सक्छ । छरितो प्रविधिको विकासले केही वर्षपछि पहाड र भन्ज्याङमा वायुऊर्जा पनि उत्पादन हुन सक्नेछ। विद्युतीय सवारी साधनको बढ्दो प्रयोग, ब्याट्री स्टोरेज प्रविधिको विकास र ब्याट्री स्टोरेजको घट्दो मूल्यले ऊर्जाको माग र आपूर्तिको परिदृश्यमा केही गुणात्मक परिवर्तन आउने अपेक्षा गर्न सकिन्छ । हाइड्रोजन सेलका क्षेत्रमा भइरहेका लोभलाग्दा अनुसन्धान र विकास नेपालको ऊर्जा क्षेत्रमा गुणात्मक रूपान्तरणका लागि सञ्जीवनी बुटी हुन सक्ने अनुमान गर्न सकिन्छ । यसबाट बर्खाको बढी उत्पादन र हिउँदको बढी माग सन्तुलन गर्न मद्दत हुनेछ । रातिको कम माग र बिहान-बेलुकाको उच्च मागमा पनि सन्तुलन हुनेछ । भारतले बिजुली नकिन्ला वा सुख्खा याममा बेलुका बिजुली नदिएला वा बंगलादेश निर्यात रोकिदेला भन्ने चिन्ता कम हुन सक्नेछ । हाइड्रोजन सेल विकासबाट विद्युत क्षेत्रमा नयाँ आयाम सुरू हुनेछ । सीमापार ऊर्जा व्यापार नेपालका लागि दीर्घकालीन अपरिहार्यता हो। हाइड्रोजन सेलले भविष्यमा सीमापार ऊर्जा व्यापारको चुनौती र जोखिम कम गर्न सक्नेछ । जलवायु परिवर्तन र मानवीय चेतनाका कारण विश्वव्यापी रूपमा ऊर्जाका स्रोत र ऊर्जा सम्मिश्रणमा तीव्र परिवर्तन भइरहेको छ । धेरै राष्ट्रले गरेको 'नेट जिरो कार्बन उत्सर्जन' प्रतिबद्धताले भावी ऊर्जा प्रणालीमा व्यापक परिवर्तन हुने आकलन गर्न सकिन्छ, यसका सुरूआती लक्षणहरू देखिन थालेका छन् । वातावरणप्रतिको बढ्दो मानवीय चेतनाका कारण ऊर्जा आपूर्तिको प्रकृतिमा मात्र होइन, ऊर्जा प्रयोग र मागको प्रकृतिमा पनि परिवर्तन देखिन थालेको छ । आगामी दिनमा विश्वव्यापी रूपमा वातावरणप्रतिको मानवीय ज्ञान र संवेदनशीलता बढ्दै नवीकरणीय ऊर्जाको माग र प्रयोगमा व्यापक वृद्धि हुने अनुमान गर्न सकिन्छ। खानीजन्य जैविक ऊर्जाको प्रयोग क्रमशः घट्दै जानेछ । ऊर्जा देशको समृद्धि र शक्तिको प्रमुख स्रोत हो । यसकारण सबै देश ऊर्जा सुरक्षामा विशेष ढंगले सचेत छन् । औद्योगिकीकरण र राष्ट्रिय सुरक्षालाई शक्ति राष्ट्रहरूले जलवायु परिवर्तनभन्दा उच्च प्राथमिकतामा राख्ने हुँदा जलवायु परिवर्तनका मुद्दामा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । छिमेकी मुलुक भारतको 'नेट जिरो कार्बन उत्सर्जन' प्रतिबद्धताले आगामी दिनमा नेपालबाट जलविद्युत आयात गर्न लचक हुने अनुमान गर्न सकिन्छ । भारत आफ्नो ऊर्जा सुरक्षालाई उच्च महत्त्व दिन्छ । नेपालको ऊर्जा क्षेत्रमा चीन तथा तेस्रो मुलुकको सहभागिता नहोओस् भन्ने चाहन्छ । यो चाहना जायज मान्न सकिँदैन । भारत लगायत धेरै देशमा सौर्य ऊर्जाको आक्रामक विकासका कारण विशेष गरी सानो जलाशययुक्त, मासिक जलाशययुक्त र पम्प स्टोरेज जलविद्युत आयोजनाको महत्त्व अझै बढ्नेछ । नदी प्रवाही जलविद्युत आयोजनाको महत्त्व र उपयोगिता घट्नेछ । बंगलादेशको ऊर्जा मागको प्रकृति र हाम्रा जलविद्युत आयोजनाहरूको उत्पादनको प्रकृति मिल्ने हुँदा नेपालले आफ्नो विद्युत बंगलादेश निर्यात गरेर राम्रो लाभ लिन सक्नेछ ।

**सफलता :** हिमाल र पहाड छिचोलेर बग्ने नदीहरूमा बाँध बनाएर, पहाड खोपेर पथान्तरण गरी पानीको तीव्र वेगबाट विद्युत निकाल्नु अनि तारको माध्यमबाट सयौं किलोमिटर टाढा पुर्‍याएर प्रयोग गर्नु उच्च ज्ञान र प्रविधिको काम हो । यस्तो ज्ञान र प्रविधि परिस्कृत र विकसित हुने क्रम जारी छ। सय वर्षभन्दा अघि फर्पिङबाट जलविद्युत निकाल्नु नेपालको पहिलो सफलता थियो । दाताको सहयोगमा बनेको भए पनि फर्पिङपछि जलाशययुक्त कुलेखानी जलविद्युत आयोजना सम्पन्न गर्नु निकै ठूलो उपलब्धि थियो । कुलेखानी जलविद्युत आयोजना सम्पन्न हुँदा नेपालमा विद्युतको मागभन्दा आपूर्ति बढी थियो । विद्युतीकरण र औद्योगिकीकरण व्यापक नभएकाले ऊर्जा माग निकै कम थियो । २०४७ सालमा प्रजातन्त्र पुनर्वहालीसँगै ऊर्जा माग र विद्युतीकरण बढ्दै गयो तर माग पूरा गर्न विद्युत आयोजनाहरू बनेनन्। सरकारी क्षेत्रबाट दाता आश्रित दैनिक जलाशययुक्त कालीगण्डकी र मध्यमर्स्याङ्दी आयोजना सशस्त्र द्वन्द्वका कारण पर धकेलिए । जलाशययुक्त विद्युत आयोजना बनाउनु देशको आवश्यकता थियो तर त्यसरी काम भएन । पचासको दशकमा वैदेशिक लगानीले खिम्ती जलविद्युत आयोजना बन्यो । त्यति बेला विश्वमै जलविद्युतमा वैदेशिक लगानी प्रारम्भिक चरणमा थियो। जनप्रतिक्रिया सकारात्मक नरहे पनि खिम्ती जलविद्युत आयोजना नेपालको ऊर्जा विकासको अर्को कोशेढुंगो थियो जसले वैदेशिक र निजी लगानीको ढोका खोल्यो । निजी क्षेत्रको सहभागितासँगै 'नेसनल हाइड्रोपावर लिमिटेड' २०६० सालमा सर्वसाधारणका लागि सेयर जारी गरेर स्टक एक्सचेन्जमा सूचीकृत हुने पहिलो जलविद्युत कम्पनी बन्यो । यसले जलविद्युत विकासका लागि आवश्यक पुँजी जम्मा गर्न सक्ने अवसर सिर्जना गर्‍यो । सर्वसाधारणलाई पनि आफ्नो सानो पुँजी जलविद्युतमा लगानी गरेर प्रतिफल लिन सक्ने अवसर मिल्यो । दोस्रो बजारमा किनबेच गर्नसक्ने व्यवस्थाले आफ्नो सेयर लगानी बेचेर नाफा कमाउने अवसर पनि प्राप्त भयो। नेपाली लगानीमा बनेको ४५६ मेगावाटको माथिल्लो तामाकोशी नेपालको विद्युत क्षेत्रमा सबैभन्दा ठूलो उपलब्धि हो । सस्तो र आकर्षक मानिएको माथिल्लो तामाकोशीको लागत र समय दोब्बर हुँदा आकर्षक त भएन तर स्वदेशी लगानीबाटै पनि ठूलो आयोजना बनाउन सकिन्छ भन्ने मानक स्थापित भयो । लागत बढ्न नदिई निर्धारित समयमा सम्पन्न गर्न सकेको भए त वरदान नै साबित हुने थियो । अहिलेसम्ममा निजी क्षेत्रको सहभागितामा नदीप्रवाही धेरै आयोजनाहरू बनिसकेका छन् । यिनले ऊर्जामाग धान्न मद्दत गरेका छन् । दाताहरूको सहयोगमा सरकारी क्षेत्रबाट निर्माणाधीन १२२ मेगावाटको जलाशययुक्त 'तनहुँ सेती' र भारतीय सरकारी कम्पनी 'सतलज जलविद्युत निगम' द्वारा निर्माणाधीन ९०० मेगावाटको 'अरूण तेस्रो' आयोजना नेपालका लागि विशेष छन्। तनहुँ सेती जलाशययुक्त भएकाले सुख्खायामको माग धान्न सहयोग हुनेछ । अरूण तेस्रो नेपालमा अहिलेसम्मको सबैभन्दा ठूलो र निर्माणमा अन्तर्राष्ट्रिय खुला प्रतिस्पर्धा भएको पहिलो आयोजना हो । यस आयोजनाले नियमित कर र रोयल्टीसँगै नेपाललाई करिब २२ प्रतिशत विद्युत निःशुल्क दिनेछ । आर्थिक वर्ष २०८०/८१ म नेपाल पहिलो पटक खुद ऊर्जा निर्यातक बन्यो । परिमाण सानै भए पनि यो निर्यात नेपालको सफलता हो । निकै लामो प्रयासमा भारतलाई मनाएर २०८१ साल मंसिरमा एक दिनका लागि भए पनि ४० मेगावाट विद्युत बंगलादेश निर्यात भयो । यसबाट बंगलादेश निर्यातको बाटो खुला भएको छ । जलविद्युत आयोजनाको अध्ययन, डिजाइन, निर्माण, सञ्चालन र मर्मतसम्भारका लागि नेपालमै जनशक्ति तयार भइसकेको छ । केही नेपालीले त विदेशमा पनि आफ्नो क्षमता देखाएका छन् । प्रसारण लाइन र सबस्टेसनको समुचित योजना बनाएर कार्यान्वयन गर्न चुक्यौं । नदी बेसिनको समग्र अध्ययन गरेर एकीकृत प्रणालीमा जलविद्युत परियोजनाहरू निर्माण गर्नुपर्नेमा छरपस्ट पार्‍यौं । नेपालको विद्युत क्षेत्र 'विद्युत ऐन, २०४९ अनुसार' चलेको छ । ऊर्जाका बहुआयामिक पक्ष, प्रविधि विकास र नयाँ आवश्यकता समेट्ने उद्देश्यले नयाँ ऐनको गृहकार्य थालेको डेढ दशक भयो तर सार्थक हुन सकेको छैन । जलविद्युत कम्पनीहरूले सर्वसाधारणका लागि सेयर जारी गर्नु समग्रमा राम्रो हो तर उचित नियमन र संस्थागत सुशासनको अभावमा यसले विकराल समस्या निम्त्याउने सम्भावना देखिँदैछ । यसले डढेलोको रूप लिने सम्भावना छ । हालसम्म सूचीकृत ९२ वटा जलविद्युत कम्पनीमध्ये आधाभन्दा बढी घाटामा छन् । एक-चौथाईले मात्र सेयरधनीलाई प्रतिफल दिन सकेका छन् । धेरै कम्पनीहरूले अझै धेरै वर्ष प्रतिफल दिन नसक्ने देखिँदैछ । आयोजनाका लागि जग्गा प्राप्ति, निर्माण प्रक्रिया, ठेक्कापट्टा, सञ्चालन आदिमा निर्णायक प्रवर्द्धक सेयरधनीहरूको मनोमानी छ । यसले आयोजनाको लागत अप्रत्याशित रूपमा बढाउने तथा इन्जिनियरिङ र निर्माण गुणस्तर कमजोर हुने सम्भावना बढ्दो छ । स्थानीय राजनीतिक प्रभाव, टोले गुन्डा र टोले ठेकेदारको समस्या कहालीलाग्दो छ। यस्तो समस्या बढ्दो क्रममा छ । परियोजनाको सहवित्तीयकरणमा बैंकले राख्ने सर्तहरू व्यावहारिक छैनन् । यस्ता सर्तहरूमा जलविद्युत कम्पनीको कमजोर संस्थागत अवस्थाले साथ दिएको छ । जलविद्युत परियोजनाको अर्को ठूलो समस्या बीमामा छ । बाढीपहिरो, भौगर्भिक अवस्था, कमजोर इन्जिनियरिङ डिजाइन र न्यून निर्माण गुणस्तर लगायतका कारणले बीमा शुल्क बढाइएको छ । धेरै शुल्क लिएर पनि बीमा र पुनर्बीमा कम्पनीहरूले ठूला आयोजनाको बीमा गर्न सकेका छैनन् । संस्थागत सुशासन राम्रो रहेका तथा आयोजनाको इन्जिनियरिङ डिजाइन र निर्माण गुणस्तर उच्च रहेका जलविद्युत कम्पनीहरू पनि यस्ता विकृतिको मारमा परेका छन् । सेयर बजारमा हुने चलखेलले जलविद्युत कम्पनीहरूमा सर्वसाधारणको लगानी जोखिममा पारेको छ । समग्रमा हेर्दा जलविद्युतले नेपालको आर्थिक समुन्नतिमा बलियो योगदान गर्न सक्ने देखिन्छ। यस दिशामा केही महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ । सर्वसाधारण मानिसहरू सेयर लगानीमा उत्साहित छन् । निजी लगानी बढ्दो छ । देखिँदै गरेका विकृति नियन्त्रण गर्न र जलविद्युत कम्पनीहरूमा संस्थागत सुशासन कायम गर्न सक्ने हो भने नेपालको समुन्नतिमा जलविद्युत अग्रस्थानमा रहनेछ ।

*-सेतोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यमा सफलता लाग्नेछ । धार्मिक कार्यमा सहभागी बन्नु पर्नेछ । | **तुला** : सौन्दर्यतामा धन खर्च हुनेछ । सरकारी निकाएको भय रहला । |
| **वृष** : नयाँ कामको समय मिल्नेछ । सुख, दुख वरावरी खालको समय छ । | **वृश्चिक** : दैनिक कार्यमा प्रगति हुनेछ । धर्म, कर्ममा मन पनि लाग्नेछ । |
| **मिथुन** : जोश जाँगर बढ्नेछ । बिना प्रतिस्पर्धा फाइदा हुने योग छ । | **धनु** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । |
| **कर्कट** : साहित्यिक क्षेत्रमा रुची बढ्नेछ। जोश, जाँगर र उमङ्ग बढ्नेछ । | **मकर** : आफन्तको सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ । |
| **सिंह** : अँटेको र ताकेको कार्य पुरा होला । सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । | **कुम्भ** : आत्मबलमा कमी आउनेछ । मनमा दुविधा उत्पन्न हुनेछ । |
| **कन्या** : श्रमको उचित मुल्याङ्कन हुनेछ । मिष्ठान्न भोजनको अवसर मिल्नेछ । | **मीन** : नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । ज्ञान सिक्ने मौका मिल्नेछ । |

# साहित्य दर्पण

कथा — तारा श्रेष्ठ

## तिम्रो पर्खाइमा

शशी अस्पताल को बेडमा निदाए झैं लाग्थिन्। उनी लडेर टाउकामा गहिरो चोट लागेको रहेछ । उनी बेहोस थिइन् । डा. शेखर शशीलाई नियाल्दै औषधी लेख्दै थिए । छेवैमा उनकी सासू आफूलाई धिक्कार्दै भगवानसँग गुनासो गर्दै थिइन- 'भगवान् तिमी कसरी यति निष्ठुर हुन सक्छौ ?' छोरा दुई वर्ष नपुग्दै मेरा पति खोस्यौ, नातिलाई गर्भै टुहुरो बनायौ, आज बुहारी पनि खोस्न लाग्यौ । नातिले सधैं 'बाबा खै' भनेर पिरोल्ने, अब 'आमा पनि खै भनेर सोध्दा म के जवाफ दिऊँला ?' भगवान् ! 'जे जे सजाय दिनु छ मलाई देऊ।' उहाँको कुरा सुनेर डाक्टरले आमालाई धैर्य राख्न अनुरोध गरे । उनी बेला बेला शशीलाई नियाल्थे । उनी साह्रै राम्री,सेतो साडीमा चन्द्रमा झैं उज्याली । शायद बाईस, पच्चीसकी हुँदिहुन् । फुल्न लागेको गुलाब झैं अनुपम थियो उनको रुप । डाक्टर उनीप्रति आकर्षित देखिन्थे ।

नाति डाक्टरकै अघिपछि कुदिरहन्थ्यो । ऊ चार वर्ष को मात्र थियो । केही दिनको उपचार पछि शशी निको भएर घर गइन् । शेखरलाई शशीको संझना आइरह्यो । उनी केही दिनअगाडि मात्र शशीको छिमेकीका घरमा डेरा सरेका रहेछन् । उनी आश्रममा हुर्केका ,बढेका र पढेर डाक्टर भएर आएका रहेछन् । उनलाई त्यो परिवार को औधि माया लाग्न थालेछ । एकदिन शशीकी सासूसँग उनले सोधेका रहेछन- 'आमा ,मलाई आफ्नो छोरा स्वीकार गर्न सक्नु हुन्छ ?' सासूको मनमा एक किसिमको शीतलता छाउन थालेछ, उनलाई पनि शेखर आफ्नै छोरा झैं लाग्न थालेको रहेछ । एकदिन शेखर आँटै गरेर शशीलाई भेट्न केही औषधी,खानेकुरा र फूलको गुच्छा लिएर गए । त्यो दिन 'प्रणय दिवस' रहेछ । शशीसँग निकै बेर गफिए र फर्किए । शशीले शेखरले ल्याइदिएका झोला खोलिन् । त्यहाँ एक टुक्रा कागजमा लेखिएको रहेछ - 'शशी ! आइ लव यू, म तपाईंलाई फदयदेखि नै चाहन्छु, माया गर्छु ! बाचुन्जेल साथ दिन चाहन्छु । मलाई बिस्वास गर्नुहोस् । जब सम्म तपाईंको फदयमा मेरो नामको प्रेम अंकुरित हुने छैन तब सम्म म तपाईंको पर्खाइमा रहनेछु। प्रणय दिवस को शुभकामना शशी ! डा. शेखर शर्मा पत्र पढेर उनलाई आफ्नो बिधवापनको मजाक उडाए झैं लाग्यो। दुई-चार दिन अस्पतालमा सेवा गर्नेबित्तिकै सोधभर्ना मागिहाल्नु पर्ने ? यो त डाक्टरको धर्म हैन र ? शशीले सासूसँग गुनासो गरिन् । सासू मौन रहिन् । उनी त बुहारीको जोडा बाँध्न पाए हुन्थ्यो भन्ने आशमा मात्र हुन्थिन् । डाक्टरले धेरै पटक शशीसँग प्रेम प्रस्ताव राखे । उनको मनमा डाक्टरप्रति कति माया थियो थिएन,देखाइनन् । छोरो भने डक्टरको हात समाउँदै अघिपछि हुन्थ्यो । उनीसँग निकै रत्तिएको थियो । यो दृष्यले शशीकी सासूलाई भित्रभित्रै पीडा हुन्थ्यो । झल्झल्ती आफ्नो छोराको संझनाले डस्थ्यो । अर्को दिन फेरि डाक्टर शशीलाई भेट्न गए । केही छिनको भलाकुसारी पछि सासूआमा फूलमा पानी हाल्ने बहानाले बाहिर निस्किन् । फुच्चे पनि हजुरआमासँगै पछिपछि लाग्यो । वातावरण सुनसान थियो । लाग्थ्यो, सियो खस्दा नि आवाज आउँछ झैं। शेखर फेरि शशीसँग प्रेमको याचना गरिरहेका थिए । शशी टाउको निहुराएर सुनि मात्र रहेकी थिइन्। शेखरको कुरा सकिएपछि उनी भन्दै थिइन- 'डाक्ट साब ! भाग्यले ठगिएकी मजस्ती नारीले एकपटक रङ्गिएर पखालिको सिउँदोमा सिन्दुर लगाउनु त के, सोच्नु पनि पाप हो । यो जुनी त यस्तै भैहाल्यो ,अर्को जुनी रहेछ भने म हजुरकी अर्धाङ्गिनी हुनेगरी जन्मिन पाऊँ ।' शेखरह- 'शशीजी, मलाई अर्को जुनीको विश्वास छैन । म एक डाक्टर हुँ, विज्ञानले प्रमाणित नगरेको कुरामा म कसरी भर परुँ ? सवाल अर्को जुनीको हैन , यही जुनीको हो । पहाड जस्तो जिन्दगीलाई तपाईं एक्लैले काट्न मुस्किल पर्छ। तपाईंको बाँकी जिन्दगीमाआइपर्ने कठिनाइलाई सहजै पार लगाउन म तपाईंको हात थाम्न चाहन्छु । मान्छेले बनाएको पाप र धर्मको नियम उलंघन गर्दा एक बेसाहारा नारीको जीवनमा बसन्त बहार आउँछ भने म त्यो पाप गर्न तयार छु शशी । यो बच्चाको सुन्दर भविष्यको खातिर म अभिभावकत्व स्वीकार्न तयार छु । ममाथि भरोसा राख्नुहोस् । तपाईंको यो खाली सिउँदोमा मेरो नामको सिन्दुरले रङ्गाएर यो जुनीभर तपाईंको सहयात्री बन्न दिनुहोस् शशी !' डाक्टर शेखर शशीलाई भेटेर निस्किए । केही छिनमै आँधी- तुफान मच्चियो । बिजुली चम्कियो, चट्याङको आवाज कानै खानेगरी आयो । हावाको झोंक्काले झ्यालको पल्ला खोलियो । झ्याल लगाउन उनी गइन् । बिजुलीको उज्यालोमा बाहिर शेखर भिजिरहेको देखिन् । एक्कासि उनको मनमा शेखर प्रतिको माया भेल बनेर उर्लियो । झ्यालैबाट उनी चिच्याउँदै 'आइ लव यू शेखर' भनिन् । उनले डाक्टरलाई भित्र ल्याइन्, अनि गुनासो गर्दै भनिन-'यो पनि कुनै माया गर्ने तरिका हो ?? हजुरलाई केही भइहाल्यो भने...?' केहीबेर पछि आमाले शेखरको हातमा सिन्दुरको बट्टा दिँदै भनिन-'डाक्टर बाबु, यो सिन्दुरले शशीको सिउँदो भरिदिनुस् । शेखरले शशीको सिउँदो रङ्गाइदिए । उनको उजाडिएको जीवनमा पुन: बहार आयो । उनको आँखा भिजे । हजुरआमा र नातिका आँखामा हर्षका आँसु तप्किरहेका थिए । त्यो देखेर डाक्टरका नयनबाट पनि आँसुका दाना तप्प तप्प खस्न थाले ।

*-समकालीन साहित्य डटकम*

*बाचुन्जेल साथ दिन चाहन्छु । मलाई बिस्वास गर्नुहोस् । जब सम्म तपाईंको हृदयमा मेरो नामको प्रेम अंकुरित हुने छैन तब सम्म म तपाईंको पर्खाइमा रहनेछु। प्रणय दिवस को शुभकामना शशी ! डा. शेखर शर्मा पत्र पढेर उनलाई आफ्नो बिधवापनको मजाक उडाए झैं लाग्यो । दुई-चार दिन अस्पतालमा सेवा गर्नेबित्तिकै सोधभर्ना मागिहाल्नु पर्ने ? यो त डाक्टरको धर्म हैन र ? शशीले सासूसँग गुनासो गरिन् । सासू मौन रहिन् । उनी त बुहारीको जोडा बाँध्न पाए हुन्थ्यो भन्ने आशमा मात्र हुन्थिन् । डाक्टरले धेरै पटक शशीसँग प्रेम प्रस्ताव राखे । उनको मनमा डाक्टरप्रति कति माया थियो थिएन,देखाइनन् । छोरो भने डक्टरको हात समाउँदै अघिपछि हुन्थ्यो । उनीसँग निकै रत्तिएको थियो । यो दृष्यले शशीकी सासूलाई भित्रभित्रै पीडा हुन्थ्यो । झल्झल्ती आफ्नो छोराको संझनाले डस्थ्यो । अर्को दिन फेरि डाक्टर शशीलाई भेट्न गए । केही छिनको भलाकुसारी पछि सासूआमा फूलमा पानी हाल्ने बहानाले बाहिर निस्किन् । फुच्चे पनि हजुरआमासँगै पछिपछि लाग्यो । वातावरण सुनसान थियो । लाग्थ्यो, सियो खस्दा नि आवाज आउँछ झैं। शेखर फेरि शशीसँग प्रेमको याचना गरिरहेका थिए । शशी टाउको निहुराएर सुनि मात्र रहेकी थिइन्। शेखरको कुरा सकिएपछि उनी भन्दै थिइन- 'डाक्ट साब ! भाग्यले ठगिएकी मजस्ती नारीले एकपटक रङ्गिएर पखालिको सिउँदोमा सिन्दुर लगाउनु त के, सोच्नु पनि पाप हो । यो जुनी त यस्तै भैहाल्यो ,अर्को जुनी रहेछ भने म हजुरकी अर्धाङ्गिनी हुनेगरी जन्मिन पाऊँ ।'*

नाटक — टङ्कबहादुर आले मगर

## खुसी रोपिँदै छ यहाँ

(जीविकाको व्यस्त समयमा पनि भावनाको प्रसव पीडाले मिठास दिंदो रहेछ चित्तवृत्तिलाई । देख्दै छु, कल्पनाको अँगालोमा हाँसिरहेछ एउटा दृश्य । दृश्यभित्र खण्डदृश्य सुन्दर कक्ष, रेशमी पर्दा, गलैंचा ओछ्याएको भुइँ, घुम्ने कुर्सीमा विराजमान एकाकी कुमार 'प्रस्तोता' । उसैको सोझिछन् सिकर्मीका बिछट्टै कला कुँदिएका दुइटा कुर्सी । घुम्ने कुर्सी र कुर्सीका मध्यस्थता गर्ने बाकुलो काँच ओछ्याएको ठूलो टेबुल । त्योमाथि सजाइएका फूलदानी, कलमदानी, पेपरवेट आदि । अनि सञ्चारका आधुनिक साधनहरू । ठुलो बोर्ड झुन्ड्याएको छ संस्थाले उन्नति गर्या प्रतिलिपि र नाराहरू बोकाएर ।) आगन्तुक : (कक्षमा प्रवेश गर्दै) एकाकी सर ! सकजअ है । एकाकी : (हात उठाउँदै) सेम टू यू नाटक सर ! नाटक : (खाली कुर्सीमा बस्दै) हाम्रो परिकल्पना साकार बन्दै छ हगि ? एकाकी : (मन्द हाँस्दै) हाम्रो अनलाइन विज्ञापनको बल्छीमा एउटी जलपरी परेकी छे । नाटक : दर्शन गरौं न त हाम्रा भाग्यलाई । धेरै होलान् ऊसँग हाम्रा कामयावी झुप्पाहरू । एकाकी : (रिमोट थिच्छ) नेपथ्यमा मधुरो घण्टी बजेको सुनिन्छ । सुन्दर ठिटीको प्रवेश । (ठिटीतिर इशारा गर्दै) यहाँ नै हुनुहुन्छ सुश्री मञ्चनकुमारी 'उत्पीडित' । अनि मञ्चनज्यू, यहाँ हुनुहुन्छ यो संस्थाका रचनाकार श्री नाटकबहादुर 'उफरमाउला' । मञ्चन : (हात जोड्दै) नमस्कार सर ! नाटक : सकजअ ! आगन्तुक र अग्रजलाई सम्मान गर्ने संस्थाको नयाँ रीत नमस्कार, नमस्ते, दर्शन, प्रणाम, सलाम, जय नेपाल, जय हिमाल, सम्धी ढोग आदिका रीति शैलीसँगै एकलकाँटे लागे पनि हामी चार अक्षरले सम्मान गर्छौं । मञ्चन : प्रस्तुति नवीन छ । विज्ञापनको शैली उस्तै एकदमै आकर्षक । नाटक : संस्थाका उद्देश्यहरू–परोपकारी लकिमा दगुर्ने रेल हो, अशक्तलाई टुङ्गोमा पुर्याउने । यसको परियोजनाभित्र सुन्दर संसार हाँसिरहेको हुन्छ । मञ्चन : संस्थाको टार्गेट अतुलनीय छ । यसमा सहभागी हुन पाए अहोभाग्य हुन्थ्यो मेरो । एकाकी : मञ्चनज्यू, संस्थाकी महिला सदस्यता प्राप्त गरिसक्नु भो । अब कागजी प्रक्रिया मात्रै छन् । छोटो अन्तर्वार्ता गरौं, कतिको ब्युटीपार्लर धाइन्छ ? मञ्चन : कृतिम सौन्दर्य स्थायित्व हुँदैन । नाटक : पट्ठो ठिटोसँग मसाज गराउन कत्तिको मन लाग्छ ? मञ्चन : पर पुरुषले सार्वजनिक स्थलमा सिवाय, टचसम्म गर्या छैन । सर ! संस्थाभन्दा बाहिरका भन्नै अप्ठ्यारो लाग्ने प्रश्न ? एकाकी : प्वालबाट संसार हेर्ने प्रयास गर्छौं । प्रश्न र उत्तरलाई मुछेर निक्यौंलका तोर्मा ठहर्याउँछौं । अनि तोर्माभित्र रे–की गर्छौं, उत्तर दिनेको आचरणलाई । संस्थालाई इन्फेक्सन हुन सक्छ, नकारत्मक सदस्यका चित्र, चरित्रहरू । मञ्चन : दुर्गामी सोच । नाटक : पैसालाई कसरी बुझ्न हुन्छ ? मञ्चन : पैसा मेरो शरीरको छैटौं इन्द्रिय हो । एकाकी : तपाईंसँग संस्थाले शारीरिक अङ्गका लागि भिख माग्यो भने दान दिन सक्नुहुन्छ ? नाटक : एकाकी सर, के तपाईं पनि आवश्यक परे संस्थालाई अङ्ग दिन सक्नुहुन्छ ? एकाकी : आवश्यक परे तयार छु, अङ्गदान गर्न । एउटा आँखा दान गरेर पनि अर्कोले त्यति नै देख्न सक्छु । अपशोच, अझसम्म मेरो अङ्गसँग ठ्याक्कै मेलखाने आवश्यकवाला भेटाएको छुइनँ । नाटक: सर मेरो सोच एउटा छ । अङ्गदानको बदलामा अर्थ प्रदान पनि हुन्छ । यदि हाम्रा अङ्गलाई दान गर्न पाएको भए शरीर अपाङ्ग, आर्थिक सपाङ्ग भेट्नु हुन्थ्यो हामीलाई हाम्रो मञ्चनजीले । मञ्चन : (दीर्घ श्वास तान्दै) तपाईंहरूको अन्तर्भावसँग सहमत छु । गाउँको दलाहा व्यक्तिलाई पछि पार्न भाइलाई शिक्षाले सक्षम बनाउनु छ । झुट्टो फरेब रचेर मेरा बाउआमालाई समाजको अगाडि माफी माग्न र पैतालाको धूलो चाट्न बाध्य बनाको दृश्य सम्झँदा अझै आगो दन्किन्छ मुटुभित्र । केवल पैसा चाहिन्छ, आइपरे जे पनि गर्छु । एकाकी : मञ्चनजी जस्तै परपीडित सदस्यले नै यो संस्थालाई अगाडि बढाउँछन् । हामी पनि शोषित वर्गलाई नै संस्थामा सदस्यता दिने प्रयास गर्छौं । अब हामी एउटा सर्तनामा गरौं । ताकि भोलि सदस्यले कुनै किसिमको मनगढन्ते आरोप लगाई, संस्थालाई उजुर नहालुन् भन्नको खातिर । अनि तपाईंलाई पचास हजार अग्रिम भुक्तान गर्दै छौं । (त्यही टेबुलमाथि सर्तनामा कागजमा सही गर्छिन् मञ्चन) र पाँच सय नोटको एक बण्डल पैसा लेडिज ब्यागमा राखेर बाहिरिन्छन् । (कार्यालयबाट केही कागजी काम गरेर, एकाकी र नाटक पनि खुसी हुँदै बाहिरिए ।)

**(दोस्रो दृश्य)**(अप्रेशन कक्ष । टेबुलमाथि चिकित्सकीय समानहरू छन् । भित्ताको आधुनिक यन्त्रमुनि जोल्ठिएका एक जोर पाङ्गे खाट । पूर्वतिरको खाटमा एउटी दृष्टिबिहीन केटी लमतन्न सुतेकी छन् । अर्कोमा मञ्चन टुक्सुक्क बसेर रुँदैछन् । श्वेत वस्त्र पहिरिएको डाक्टर भित्रिन्छ । केही क्षणमै अप्रेशनका औजार लिएर पस्यो कम्पाउण्डर पनि ।) मञ्चन : (डाक्टरलाई हेरेर हात जोड्दै) एकाकी सर आँखा दान गर्न मन मानिरहेको छैन । प्लिज मलाई छोड्दिनुहोस् । एकाकी : (डाक्टर बन्या) तपाईंको भनाइ संस्थासँग गर्या एग्रिमेन्ट विपरीत हुँदै छ । पचास हजार साँवा ब्याज संस्थाले तपाईंलाई सक्षम बनाउन गरेको खर्च । यो बेला यी सबै फिर्ता गर्ने ल्याकत छ तपाईंसँग ? कम्पोडर : शीर्षकीय चरित्रलाई समूल उखल्ने सपना भ्रूण अवस्थामै धोईदैन ? भुपट्टै अनिकाल पर्या छ, गाउँमा । छरपटाउ भा'छैनन्, आकाश हेरेर थाकिसकेका छन् मान्छेहरू । त्यसको प्रभाव सहरसम्म पुगिसक्यो । दृष्टिबिहीन केटी : मञ्चनजी, मेरो नाम नायिका 'विवशी' । भिक्षा मागेँ मलाई आँखा दान गरेर अन्धकार संसारबाट मुक्ति दिनुहोस् । मलाई जन्माउने आमालाई देखाइदिनोस् । मान्छेको रूप, रङ्ग, डाल, चालका कुरा गर्छन् त्यो कस्तो हुन्छ ? घाम, जुन र तारा छन् रे आकाशमा । यदि देख्न पाए ... । म शून्य छु । साथीहरू भन्छन्, म राम्री छुरे । राम्रो नराम्रो के हो ? कल्पना र सपनाको यथार्थता दिनोस् । मञ्चन : (नायिकालाई निर्निमेष हेर्दै) ठीकै छ नायिका मसँग भएको उज्यालो बाडौं । (डा. एकाकीतिर हेर्दै) । सर ! दाहिनो आँखा झिकेर नायिकालाई प्रत्यारोपन गरिदिनोस् ।( पर्दा खस्छ । पर्दामाथि विद्युतीय रेखाद्वारा लेखिन्छ–यहाँ खुशी रोपिँदैछ ।)

**(अन्तिम दृश्य)** (फूलैफूलले सजिएको मञ्च । मध्य भागमा राखिएको छ ठूलो कुर्सी । दुइतिर छन् अन्य कुर्सीहरू, बाँसुरीको सुमधुर धुनसँगै लोकसुर गञ्जिरहेछ नेपथ्यमा । मञ्चअगाडि दर्शकहरू खचाखच छन् ।) नाटक : (मञ्चमा प्रवेश गर्दै) दर्शक महानुभावमा संस्थागत स्विकार्नोस् । (दुवै हात उठाएर) सकजअ ! अब म ती महान् व्यक्तिलाई निम्त्याइरहेछु । उहाँ हुनुहुन्छ सुश्रीमञ्चन कुमारी 'उत्पीडित' । ( टाउकोको दाहिने पाटोदेखि दाहिने हात हुँदै देब्रेतिरको ठूटे खुट्टोसम्म सेतो ब्यान्डिजले कसिएकी वैशाखीको चीत्कारसँगै मञ्चनको प्रवेश हुन्छ मञ्चमा । सहारा दिएर मध्यभागको कुर्सीमा राख्यो नाटकले ।) एकाकी : ( मञ्चमा प्रवेश गर्दै) सबैलाई सकजअ ! (मञ्चनतिर इशारा गर्दै) यहाँ नै हुनुहुन्छ उदाहरणका दुर्लभ उदाहरण मञ्चनजी । जसले आफू अधुरो रहेर अरुलाई पूर्ण बनाउनु भो । अन्यलाई आधा उज्यालो दिएर स्वयम् अधुरो भइन् । परचक्रीलाई आगत बाँड्दै जाँदा, यादै रहेन आफू विगत भइसकेको । नाटक : अब म मञ्चनजीका अङ्गहरू बहुशरीरमा विभक्त भई नयाँ जन्म पाउनेहरूलाई आमन्त्रित गर्दैछु । मञ्चनजीको अङ्ग प्रदान कार्यको पहिलो प्रस्तुति श्रीमती नायिका 'नायक' । मञ्चनजीको आधा उज्यालो पाएर श्रापित जीवनबाट मुक्त हुनु भो । संयोग उद्योगपति नायकका नायिका श्रीमती हुनुहुन्छ । मञ्चनजीको लीला पतिपत्नी दुवैका शरीरमा मञ्चनजी समाहित हुनुहुन्छ । गाडी दुर्घटनामा दुवै खुट्टा गुमाएर स्थूल बन्नुभएको नायक 'सर्वहारा'जीलाई मञ्चनजीले देब्रे खुट्टो दिएर वैशाखी टेकेरै हिँड्ने बनाइदिनु भो । आज नायिकाजी श्रीमानका नाम नायकलाई उपनाम बनाउनु भा'छ भने नायकज्यूले पनि श्रीमतीको नाम नायिकालाई उपनाम बनाउनु भा'छ । अत: आउँदै हुनुहुन्छ मायाको ढुकुरजोडी श्रीमती नायिका 'नायक' र श्रीमान् नायक 'नायिका'ज्यू । (दुवै पति पत्नीले मञ्चनलाई खादा ओढाई खुट्टो छोएर सम्मान गरे । आकस्मिक मञ्चनले नायिकालाई अनुहार छेउमै बोलाएर आतुरताका साथ आफूले दिएको आँखालाई धेरैपल्ट चुमिन्, एउटी आमाले हराएको नानी भेटेर माया गरेझैं । अनि नायकलाई उभ्याउने आफ्नो खुट्टालाई हेरिरहिन् । कुनै समय त्यो खुट्टोलाई राम्रो बनाउन दिनभरि माडी रहन्थिन् । नङ काटेर रातो नङ्पालिसले बेहुली बनाउँथिन् । नायक नायिका आआफ्ना कुर्सीमा बस्छन् ।) एकाकी : यहाँ हुनुहुन्छ । लेखकराज 'लेकाली' यो एकाकी नाटकका लेखक । यहाँको शरीरभित्र निरन्तर सक्रिय छ, मञ्चनजीको मिर्गौला । नाटक : अब हाम्रा आवाजलाई मञ्चनजीको कर्णद्वारा सुनिरहनुभएको श्री निर्देशक राम 'अभिनय'लाई आमन्त्रित गर्दै, सबैलाई आआफ्ना अतिथि डेस्कमा बसिदिन अनुरोध गर्दछु । एकाकी : हाम्री अन्तिम एक जना महिला मित्र हुनुहुन्छ, सुश्रीसङ्गीतामाया 'छायाकार' । मञ्चनजीको एकमुठी केश मागेर आफ्नो चिन्डे कपालमा रोपिन् । प्रकृतिको लीला भनौं कि चेतनशील मान्छेका कमाल । रोपेको केशहरूले छावा छोड्न थालेपछि उहाँको चिन्डे कपाल अमेरिकन वैज्ञानिकका अनुसन्धान केन्द्र भइदियो । नाटक : मञ्चनजीका अवयवहरू आफ्नो मूलदेहलाई सम्मान, जीवनोपार्जन गर्न पचास लाखको चेक र गाडीको चाबी समर्पण गर्ने कार्यक्रमम छ । अत: सबै दर्शक वर्गले मञ्चनजीको दीर्घायूका लागि कार्यक्रम भइन्जेल ताली बजाइरहन अनुरोध छ । म निश्चित समयमा धन्यवाद भन्ने छु । अनि ताली नबजाई दिनु होला । (बैंकको चेक र गाडीको चाबी मञ्चनलाई सामूहिक रूपले प्रदान गरे । नेपथ्यमा ताली बजिरह्यो । फोटो सेशन चल्यो । थुप्रै मोबाइलहरू क्लिक भए कुनै रेकर्डिङ प्ले भइरह्यो । नाटक : धन्यवाद ! (नेपथ्यमा ताली बज्न छोड्छ ) (मञ्चमा इन्स्पेक्टर देखा पर्यो ।) इन्स्पेक्टर : अङ्ग प्रदानले मञ्चनजी परपीडित हुनुहुन्छ । तपाईंलाई कुनै पनि तरहले अङ्गदान गर्न प्रेरित गर्ने संस्था वा व्यक्तिमाथि उजुर गर्न सक्नु हुन्छ । कानुन तपाईंको पक्षमा उभिने छ । अङ्गदान गरेर आर्थिक दान लिने संस्कृतिले गरिब वर्गमा नकारात्मक प्रभाव पार्न सक्छ । यसको फाइदा असमाजिक तस्करहरूले मानव आमा बन्ने जन्मसिद्ध अधिकार सुरक्षित छ । नि:शुल्क वीर्य दान गर्न तयार छन् महापुरुषहरू । यदि कानुनन् अड्चनहरू आएन भने अर्को वर्ष मेरो क्लोनलाई यहीं ल्याएर देखाउने छु । तर यसो भन्दा तपाईंहरू मञ्चन नबन्नुहोस् । पूर्ण जीवनको स्वाद अधुरोमा पाइँदैन । इन्स्पेक्टर सर ! धन्यवाद तपाईंलाई । आवश्यक पर्यो भने आउने छु, कानुनको परिसरभित्र । अन्तमा यहाँहरू सबैलाई सकजअ !

*-साहित्यपोस्ट डटकम*

# पाल्पाबाट 'सोफा सिटर बस'को दिवाकालीन सेवा

**कृष्ण पोखरेल**

**पाल्पा,** पौष २६/पाल्पा-काठमाडौंका लागि रात्रिकालीन 'सोफा सिटर बस' सञ्चालनमा आएकोमा पौष २५ गतेदेखि भने दिवाकाली सेवा समेत सञ्चालनमा आएको छ । केही समय अघि रात्रिकाली सेवा दिएको पश्चिम नेपाल बस व्यबसायी प्रा.लिले विहीबारदेखि दिवाकालीन सोफासिटर आरामदायी बस सेवा सञ्चालनमा ल्याएको हो ।




२९ सिट क्षमता रहेको सोफासिटर बसमा एसी, हिटर, प्रत्येक यात्रुहरुको लागि अलग-अलग पंखा, मोवाइल चार्ज गर्ने विद्युतीय प्लग, पानी राख्ने स्थान, वाईफाईको सुविधा, सुरक्षाको लागि सिसी क्यामेरा, जिपिएस ट्र्याकिङ्को सुविधा रहेको पश्चिम नेपाल बस व्यवसायी समिति पाल्पाका शाखा प्रमुख डोलराज भट्टराईले बताए । पाल्पाबाट रात्रीकालीन यातायाताको लागि मात्र सञ्चालन भएको सोफासिटर बस पाल्पाली यात्रुहरुको माग अनुसार दिवा सेवामा पनि रानीमहलको नामबाट दैनिक रुपमा सञ्चालन गरिएको शाखा प्रमुख भट्टराईले बताए । सोफासिटर बस तानसेन विशाल बजारबाट विहान ६.३० बजे र काठमाडौं बसपार्कबाट विहान ६ : ४५ बाट छुट्ने भट्टराईले बताए । यात्रुको माग अनुसार अन्य स्थानमा पनि स्तरीय बस सेवा सञ्चालन गर्दै आएको उनले बताए । यात्रुहरुको चाहाना र माग अनुसार सुविधा सम्पन्न यातायात सेवा प्रदान गर्नको लागि जोखिम मोलेर भएपनि एउटा बसको लागि ८० लाख लगानी गरेको बस सञ्चालक इन्द्रमणी भट्टराईले बताए । अहिले ३ वटा सोफासिटर माराइकल एसी बस निर्माण पुरा गरी सडकमा गुडाउँदा सम्म २ करोड ४० लाख खर्च भएको उनले बताए । यातायात क्षेत्रमा लगानी गर्ने, सके कमाउने, नत्र सेवा दिने उद्देश्यले नै ठूलोमात्रामा यात्रुवाहक सवारी साधानमा जोखिम मोलेरै लगानी गरेको उनले बताए । समयमा यात्रुहरुलाई सुरक्षित साथ गन्तव्यमा पुऱ्याउने, बाटोघाटोमा यात्रुहरुलाई राम्रो ठाउँमा खाना खुवाउने, समय-समयमा यात्रुहरुको माग अनुसार ठाउँ-ठाउँमा दिशा पिसावको व्यवस्थ मिलाएको उनले जानकारी दिए ।

## खेलकुद समाचार

# विश्वकप खेल्न मलेसिया जाने टोलीको बिदाइ



**काठमाडौं,** पौष २६/१९ वर्षमुनिको आईसीसी महिला टी-२० विश्वकप क्रिकेट खेल्न मलेसिया जाने नेपाली टोलीलाई बिदाइ गरिएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले शुक्रबार काठमाडौंमा एक कार्यक्रमका बीच टोलीलाई बिदाइ गरेको हो ।

टोलीलाई युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, क्यानका उपाध्यक्ष रोशन सिंह, क्यानका सचिव पारस खड्कालगायतका प्रतिनिधिले बिदाइ गरेका हुन् । १९ वर्षमुनिको महिला टोली शनिबार दिउँसो मलेसिया प्रस्थान गर्नेछ । १९ वर्षमुनिको महिला टी-२० विश्वकप आउँदो जनवरी १८ देखि फेब्रुअरी २ तारिखसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा १६ वटा टोलीलाई चार वटा समूहमा विभाजन गरिएको छ । नेपाल रहेको समूह 'डी' मा अस्ट्रेलिया, बङ्गलादेश र स्कटल्यान्ड पनि छन् । नेपालले पहिलो खेलमा जनवरी १८ तारिखमा बङ्गलादेशसँग खेल्नेछ । यस्तै नेपालले दोस्रो खेलमा जनवरी २० मा स्कटल्यान्डसँग र तेस्रो खेलमा जनवरी २२ मा अस्ट्रेलियासँग खेल्ने तालिका छ ।

## अर्थ /कर्पोरेट समाचार

# लघुवित्त वित्तीय संस्थामा खाता खोल्दा राष्ट्रिय परिचयपत्र अनिवार्य




**काठमाडौं,** पौष २६/नेपाल राष्ट्र बैंकले आगामी माघ १ गतेदेखि लघुवित्त वित्तीय संस्थामा खाता खोल्दा राष्ट्रिय परिचयपत्र अनिवार्य गर्नुपर्ने व्यवस्था गरेको छ । केन्द्रीय बैंकले शुक्रबार एक निर्देशन जारी गर्दै राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा राष्ट्रिय परिचयपत्र वा सोको नम्बरको विवरण यकिन गरी अनिवार्य रूपमा र खाता खोल्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख गरेको छ ।

लघुवित्त वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण नियमावली, २०७३ बमोजिम ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्नु पर्नेछ । ग्राहक पहिचान तथा सम्पुष्टिसम्बन्धी नीति तथा कार्यविधि बनाई ग्राहकको पहिचान तथा सोको सम्पुष्टि हुने सुनिश्चितताका आधारमा विद्युतीय माध्यमबाट समेत खाता खोल्न वा व्यावसायिक सम्बन्ध स्थापित गर्न सकिने निर्देशनमा उल्लेख छ । त्यस्तो कार्यविधिले विद्युतीय माध्यमबाट प्राप्त गर्न सकिने आवश्यक कागजात तथा विवरणको सूची, सही कागजात तथा विवरण प्राप्त गर्न भरपर्दो विद्युतीय माध्यम र नियमित रूपमा सम्पुष्टि गरिने विधिसमेत तय गरेको हुनुपर्ने व्यवस्था छ । विद्युतीय माध्यमबाट गरिने कारोबारमा हुनसक्ने जोखिम एवं दुरूपयोगबाट सुरक्षित रहन बैंक वा वित्तीय संस्थाले पर्याप्त उपाय अवलम्बन गर्नुपर्ने निर्देशनमा समेटिएको छ । यस्तै आगामी माघ १ सम्ममा संस्थाले सबै उच्चपदस्थ व्यक्तिको खातामा पनि राष्ट्रिय परिचयपत्रको विवरण अद्यावधिक गर्नुपर्नेछ । *-रासस*

# कटौजेपानीमा पालिकास्तरीय क्रिकेट प्रतियोगिता हुँदै

**पाल्पा,** पौष २६/जिल्लाको रैनादेवी छहरा गाउँपालिकाको कटौजेपानी खेलमैदानमा पालिकास्तरीय क्रिकेट प्रतियोगिता हुने भएको छ । रैनादेवी छहरा गाउँपालिकाले यही पौष २८ गतेदेखी २९ गतेसम्म पाँचौं अध्यक्ष कप अन्तर्गत पालिकास्तरीय प्रतियोगिता गर्न लागेको हो ।



'स्वास्थ्य लागि खेलकुद राष्ट्रका लागि खेलकुद' भन्ने नाराका साथ वडा-वडाबाट छनोट भएका क्रिकेट क्लवको सहभागीतामा प्रतियोगिता गर्न लागिएको गाउँपालिकाले जनाएको छ । खेलकुदको माध्यमबाट युवाहरूमा उत्साह जगाउन, खेलकुदप्रती लगाव बढाउन र स्थानीय खेलकुदको विकास गर्न, नयाँ-नयाँ प्रतिभावान खेलाडीहरु उत्पादन गर्ने उद्देश्यले पालिकास्तरी प्रतियोगिता आयोजना गर्न लागिएको गाउँपालिका अध्यक्षले रूक्मागत भट्टराईले बताए । खेलकुदले केवल व्यक्तिगत विकासमा मात्र नभई समाजमा सकारात्मक परिवर्तन ल्याउन ठूलो भूमिका खेल्ने र प्रतियोगितामार्फत स्थानीय प्रतिभालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने लक्ष्य गाउँपालिकाले लिएको उनको भनाई छ । अहिले नेपालमा क्रिकेटको क्रेज बढ्नुको साथै युवाहरुको आकर्षण पनि दिनप्रतिदिन त्यसतर्फ बढेकाले प्रतियोगिताको आयोजना गरिएको गाउँपालिकाका उपाध्यक्ष युवराज थापाले बताए । खेलकुद केवल मनोरञ्जनको माध्यम नभई स्वास्थ्य, अनुशासन, र सामाजिक एकताको प्रतिक रहेकाले गाउँ-गाउँमा खेलाडी उत्पादन गर्न प्रतियोगिताको आयोजना गरिएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद तिमिल्सेनाले बताए । क्रिकेट प्रतियोगितामा प्रथम हुनेले २५, द्वितियले १५ हजार तृतियले १० हजार ट्रफि, मेडल र प्रमाण पत्र पाउने गाउँपालिका युवा तथा खेलकुद विकास समितिका संयोजक नारायण कार्कीले बताए ।

वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

# रामपुरको युवा परिषद्...

...रकमान्तर र शीर्षकान्तर प्रस्तावमा आफ्नो धारणा राख्दै १० का वडा अध्यक्ष तोयानाथ सारु थापाले विनियोजित बजेट कार्यान्वयनमा विभिन्न बाधा र अड्चन आउँदा समस्या भएको बताए । नगरपालिकाले विकास निर्माणका योजनालाई प्रभावित हुन नदिन कडाई गर्न आवश्यक रहेको उनको भनाई छ । शुन्य समयमा रामपुर ८ का वडा सदस्य दिनेश आचार्यले विद्युत पोल व्यवस्थित गर्न तथा खानेपानी व्यवस्थापनका लागि ध्यान दिनु पर्नेमा सुझाव राखे । रामपुर-६ का वडा सदस्य हरिनाथ ढुङ्गानाले कृषिमा लगानी बढाउनु आवश्यक रहेको बताए । सभामा रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले नगर सभाको अह्वान पत्र बारे जानकारी गराएका थिए । यस्तै नगर सभाको अवसरमा राष्ट्रिय यू-१३ पुरुष फुटबलमा छनोट भएका विप्लप गुरुङ र पूर्व कर्माचारीलाई सम्मान समेत गरिएको थियो । अखिल नेपाल फुटबल संघ (एन्फा) ले छनोट गरेको खेलाडी मध्यमा पर्न सफल गुरुङलाई नगरपालिकाले ५० हजार रकम सहित सम्मान गरेको हो । नगरपालिकाले करारमा कार्यरत रही यस वर्ष उमेर हदका कारण विदा भएका कर्मचारी ईन्द्र बहादुर अर्याललाई पनि सम्मान गरेको थियो । नगरपालिकाले स्थापना गरेको कर्मचारी कल्याणकारी कोष मार्फत दुई लाख ९९ हजार १ सय ६० सहित उनलाई सम्मान गरेको हो ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हार्दिक बधाई तथा शुभकामना



सामुदायिक सेवा केन्द्र पाल्पाका सह-सचिव, तानसेन नगरपालिकाका कार्यपालिका सदस्य एवं सामाजिक व्यक्तित्व **श्री दिनेश गन्धर्व** पाल्पा जिल्लाका दलित कार्यपालिका सदस्य एवम् वडा सदस्यहरुको भेलाबाट दलित जनप्रतिनिधि जिल्ला समन्वय समिति पाल्पाको संयोजक जस्तो गरिमामय पदमा सर्वसम्मत चयन हुनुभएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

जय प्रकाश उप्रेती
अध्यक्ष
एव
सामुदायिक सेवा केन्द्र पाल्पा परिवार
तानसेन, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई